निबन्ध प्रतियोगिता

शीर्षक: "सुचना प्रविधिको युगमा डिजीटल साक्षरता"

नाम: सन्ध्या विश्वकर्मा

अध्ययनरत: BBS दोस्रो वर्ष

ठेगाना: सानोभेरी ३ "पेटी"

क्याम्पसको नाम: रूकुमेली क्याम्पस मुसिकोट १ रूकुम पश्चिम

क्याम्पस प्रमुख: दौलत बुढा मगर

रोल नं: २ (दुई)

मिति: २०८२।१२।२७

" सूचना युगमा सक्षम बन्ने कुन्जी भनेकै डिजिटल ज्ञान हो "

"सुचना प्रविधिको युगमा डिजीटल साक्षरता"

के तपाईले कहिल्यै सोच्नुभएको छ आज हामीले मोबाइल बिना एक दिन पनि बिताउन सक्छौं ? बिहान उठ्ने बित्तिकै मोबाइल हेर्ने बानीदेखि लिएर पढाइ, काम, सुचना प्राप्त गर्न, मनोरञ्जन आदि सबैमा प्रविधिको प्रयोग भइरहेको छ आजको संसार यस्तो अवस्थामा पुगेको छ जहाँ प्रविधिबिना जीवन अधुरो जस्तो लाग्छ। यही परिवर्तनको मुख्य कारण हो सुचना प्राविधिको तीव्र विकास यसै कारण आजको युगमा "डिजिटल साक्षरता" प्रत्येक व्यक्तिका लागि अनिवार्य सीप बनेको छ। समयसँगै परिवर्तन हुन नसक्ने मानिस पछि पर्छ भन्ने भनाइ आजको डिजिटल युगमा झन् बढी सान्दर्भिक भएको छ। विज्ञान र प्राविधिको तीव्र विकासले संसारलाई सानो गाउँजस्तै बनाइदिएको छ, जहाँ केही सेकेन्डमै सुचना एक ठाउँबाट अर्को ठाउँमा पुग्छ। आजको मानव जीवन प्रविधिसँग यति गहिरो रूपमा जोडिएको छ कि यस्तो अभावमा दैनिक क्रियाकलाप नै प्रभावित हुन्छ। यही कारणले सूचना प्राविधिको विकाससँगै "डिजिटल साक्षरता" प्रत्येक व्यक्तिका लागि अत्यावश्यक सीपको रूपमा स्थापित भएको छ। डिजिटल साक्षरताले मानिसलाई आधुनिक समाजसँग जोड्ने पुलको काम गर्छ। आज शिक्षा, स्वास्थ्य, व्यापार, सञ्चार, बैंक लगायत सबै क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग बढ्दो छ। विद्यार्थीहरूले अनलाइन कक्षा लिने, शिक्षकहरूले डिजिटल माध्यमबाट पढाउने र कर्मचारीहरूले घरमै बसेर काम गर्ने जस्ता गतिविधि डिजिटल साक्षरताकै कारण सम्भव भएका छन्। त्यसैले डिजिटल साक्षरता बिना आधुनिक जीवन कल्पना गर्न कठिन छ।

सुचना प्राविधि भन्नाले कम्प्युटर, इन्टरनेट, मोबाइल फोन सफ्टवेयर आदिको प्रयोग गरेर सुचना संकलन, भण्डारण प्रशोधन र आदान-प्रदान गर्ने प्रक्रिया बुझिन्छ। यसले मानिसलाई छिटो र प्रभावकारी रूपमा जानकारी प्राप्त गर्न सहयोग गर्छ। आजको समयमा इन्टरनेट बिना जीवन अधुरो

जस्तो भएको छ। आज शिक्षा क्षेत्रमा सुचना प्राविधिको महत्व झन् बढेको छ विद्यार्थीहरूले अनलाइन कक्षा लिन, नोट्स डाउनलोड गर्न भिडियोमार्फत सिक्न र विभिन्न शैक्षिक सामग्री हरु सजिलै पाउन सक्छन्। शिक्षकहरूले पनि डिजिटल माध्यम बाट पढाउन सक्छन् जसले सिकाइलाई अझ रोजक र प्रभावकारी बनाउँछ। स्वास्थ्य क्षेत्रमा पनि सुचना प्राविधिले ठुलो परिवर्तन ल्याएको छ। अहिले मानिसहरूले अनलाइनमार्फत डाक्टरसँग सल्लाह लिन सक्छन्। अस्पतालहरूले बिरामीको विवरण डिजिटल रूपमा राख्न थालेको छन्, जसले उपचार लाई सजिलो बनाएको छ। आदि अरू विभिन्न क्रियाकलाप गर्न सुचना प्राविधिको बढ्दो प्रयोग ले नै सम्भव भएको छ।

डिजिटल साक्षरता के हो?

डिजिटल साक्षरता भन्नाले डिजिटल उपकरणहरु जस्तै कम्प्युटर मोबाइल, ट्याबलेट, इन्टरनेट आदिको सही प्रभावकारी र सुरक्षित प्रयोग गर्ने क्षमता तथा ज्ञानलाई जनाउँछ यसले केवल उपकरण चलाउने मात्र नभई सुचना खोज्ने, बुझ्ने विश्लेषण गर्ने र त्यसलाई उचित रूपमा प्रयोग गर्ने सिप पनि समेट्छ। डिजिटल साक्षर व्यक्तिले इन्टरनेटबाट आवश्यक जानकारी खोज्न सक्छ, इमेल पठाउन सक्छ, अनलाइन सेवा प्रयोग गर्न सक्छ, डिजिटल सामग्री सिर्जना गर्न सक्छ र साइबर सुरक्षाबारे सचेत रहन्छ। यसैले डिजिटल साक्षरता केवल प्राविधि प्रयोग मात्र नभई जिम्मेवार र सुरक्षित प्रयोग गर्ने क्षमतासँग पनि सम्बन्धित छ। आजको सुचना प्राविधिको युगमा डिजिटल साक्षरता बिना व्यक्ति पुर्ण रूपमा सक्षम हुन सक्दैन यसले व्यक्तिलाई आधुनिक समाजसँग जोड्न, नयाँ अवसरहरू प्राप्त गर्न र प्रतिस्पर्धात्मक वातावरणमा टिक्न मद्दत गर्छ त्यसैले डिजिटल साक्षरता केवल प्रविधि प्रयोग गर्ने सीप मात्र नभई आधुनिक जीवनका लागि आवश्यक आधारभुत योग्यता हो। केही व्यक्तिले फेसबुक, इन्स्टाग्राम जस्ता प्लेट फर्म प्रयोग गरेर आफ्ना विचार राख्छ र अरूसँग संवाद गर्छ भने त्यो पनि डिजिटल साक्षरता हो तर उसले गलत सुचना नफैलाउने र सावधानी अपनाउने क्षमता पनि राख्नुपर्दछ।

डिजिटल साक्षरताको आवश्यकता

आजको विश्व डिजिटलतर्फ तीव्र गतिमा अगाडि बढिरहेको छ। शिक्षा, स्वास्थ्य, व्यापार, प्रशासन सबै क्षेत्रमा डिजिटल प्रणालीको प्रयोग बढ्दो छ। हामिले कुनै पनि काम लाई समयअनुरुप छिटो, प्रभावकारी, भरपर्दो तरिकाले सम्पन्न गर्नु परेमा डिजिटल साक्षरता हुनु अति आवश्यक छ। यो अवस्थामा डिजिटल साक्षरता बिना मानिस अरू भन्दा पछि पर्न सक्छ। एउटा विद्यार्थीले दिनमा अनलाइन कक्षा लिएर पढाइ गर्छ र बेलका आफ्नै मोबाइलबाट मोबाइ बैंकिङ प्रयोग गरी कलेजको शुल्क तिर्छ भने त्यो डिजिटल साक्षरताको आवश्यकता र प्रयोगको उत्कृष्ट उदाहरण हो। यसैगरी डिजिटल साक्षरताले व्यक्तिलाई आत्मनिर्भर बनाउँछ डिजिटल सीप भएको व्यक्तिले धेरै काम आफैं गर्न सक्छ, जस्ले समय र श्रम दुवै बचत गर्छ। उदाहरणका रूपमा, अनलाइन फारम भर्ने टिकट काट्ने वा अनलाइन किनमेल गर्ने जस्ता कामहरु आफैं गर्न सकिन्छ, जसले अरूमाथिको निर्भरता घटाउँछ। त्यसैगरी डिजिटल साक्षरता देशको समग्र विकासका लागि पनि महत्वपूर्ण छ। डिजिटल रूपमा साक्षर नागरिकहरुले ई-गभर्नेन्स, अनलाइन सेवा र डिजिटल ~~रूपमा साक्षर~~ अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्छन्। साइबर सुरक्षाको दृष्टिकोणले पनि डिजिटल साक्षरता अत्यन्त आवश्यक छ। आजकल ह्याकिङ, अनलाइन ठगी, डेटा चोरी आदि जस्ता समस्या बढिरहेका छन्। यदि व्यक्तिसँग सुरक्षा सम्बन्धी ज्ञान छैन भने उसले सजिलै आफ्नो व्यक्तिगत जानकारी गुमाउन सक्छ। उदाहरणका रूपमा OTP अरूलाई दिनु वा अनजान लिंक खोल्नुले ठूलो नोकसानी हुन सक्छ। ~~अतः~~ यसैले पनि सुचना प्रविधिको युगमा डिजीटल साक्षरता को अति आवश्यक छ।

डिजिटल साक्षरताको महत्व वा आवश्यकता स्पष्ट बुँदागत रूपमा

- रोजगारी तथा सीप विकासमा सहयोग
- आधुनिक शिक्षामा पहुँच विस्तार
- डिजिटल बैंकिङ र आर्थिक कारोबारमा सहजता
- छिटो र प्रभावकारी सञ्चार

भ्रामक सुचना बाट जोगिने क्षमता
साइबर सुरक्षा र गोपनीयता संरक्षण
आत्मनिर्भरता र उत्पादकता वृद्धि
आधुनिक प्रविधिको उपयोगमा क्षमता आदि।
~~अन्त्य~~: डिजिटल साक्षरता आजको आधुनिक जीवनको अपरिहार्य आवश्यकता बनेको छ। यसले शिक्षा, रोजगारी बैंकिङ, सञ्चार तथा दैनिक जीवनका सबै क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दछ। डिजिटल साक्षरताको अभावमा व्यक्ति धेरै अवसरहरूबाट वञ्चित हुन सक्छ भने यसको ज्ञानले व्यक्ति लाई सक्षम, आत्मनिर्भर र सचेत बनाउँछ। त्यसैले हरेक व्यक्तिले समयअनुरूप डिजिटल सीप विकास गर्दै सुरक्षित र जिम्मेवार रूपमा प्रविधिको प्रयोग गर्नु अत्यन्त आवश्यक छ।

शिक्षामा डिजिटल साक्षरताको भुमिका

शिक्षा क्षेत्रमा डिजिटल साक्षरताको महत्व अत्यन्त ठुलो छ आहिले धेरै विद्यालय, कलेज तथा विश्वविद्यालयहरूले अन-लाइन शिक्षण प्रणाली अपनाएका छन्। विद्यार्थीहरूले इन्टरनेट मार्फत नोट्स, भिडियो, ई-बुक, अनलाइन कक्षा आदि प्रयोग गरेर सजिलै अध्ययन गर्न सक्छन।
डिजिटल साक्षरता भएका विद्यार्थीहरूले:
-अनुसन्धान गर्न सक्ने क्षमता विकास गर्छन्,
-नयाँ ज्ञान छिटो प्राप्त गर्न सक्छन्,
-प्राविधिमैत्री बन्छन्,
-सिर्जनशीलता र नवप्रवर्तनमा अगाडि बढ्छन्,
-समय र खर्च बचत गर्न
-नयाँ सिप सिक्न सिकाउन र आत्मविकास गर्न
-रोजगारीका अवसरहरु प्राप्त गर्न
विशेष गरी कोभिड-१९ महामारी को समयमा डिजिटल साक्षरताको महत्व अझ स्पष्ट भएको थियो। त्यस समयमा अनलाइन कक्षाहरु सञ्चालन गरेर शिक्षालाई निरन्तरता दिन सकियो।

डिजिटल साक्षरताका प्रमुख पक्षहरू

डिजिटल साक्षरता एउटा बहुआयामिक अवधारणा हो। जसमा विभिन्न पक्षहरू समावेश हुन्छन् यी पक्षहरूले व्यक्तिलाई सूचना खोज्न त्यसलाई विश्लेषण गर्न डिजिटल उपकरण प्रयोग गर्न प्रभावकारी रूपमा सञ्चार गर्न र आफ्नो व्यक्तिगत जानकारी सुरक्षित राख्न सक्षम बनाउँछन्। यदि कुनै व्यक्तिमा यी सबै पक्षहरूको सन्तुलित विकास भएको छ भने मात्र ऊ पूर्ण रूपमा डिजिटल साक्षर मानिन्छ।

आजको समयमा इन्टरनेटमा उपलब्ध सूचना अत्याधिक छ तर सबै सूचना सही र विश्वासनीय हुँदैनन्। त्यसैले सही सूचना छनोट गर्ने क्षमता अत्यन्त आवश्यक हुन्छ। त्यस्तै, डिजिटल उपकरणहरूको सही प्रयोग नगर्दा समयको बर्बादी मात्र होइन विभिन्न समस्या पनि आउन सक्छन्। अर्कोतर्फ, सामाजिक सञ्जालको अत्याधिक प्रयोगले गलत सूचना फैलिनु गोपनीयता उल्लङ्घन हुनु र साइबर अपराध बढ्नु जस्ता चुनौतिहरू पनि देखिएका छन्। त्यसैले डिजिटल साक्षरता भन्नाले केवल प्रविधि प्रयोग गर्ने सीप मात्र नभई त्यसलाई बुझेर, सोचेर र सुरक्षित रूपमा प्रयोग गर्ने चेतना पनि हो। यसले व्यक्तिलाई आत्मनिर्भर सचेत र जिम्मेवार डिजिटल नागरिक बनाउन मद्दत गर्छ। डिजिटल साक्षरताका विभिन्न पक्षहरूको उचित विकासले मात्र व्यक्ति आधुनिक समाजमा सफल र सक्षम बन्न सक्छ। बुँदागत रूपमा डिजिटल साक्षरताका प्रमुख पक्षहरूलाई यसरी स्पष्ट पार्न सकिन्छ।

सूचना साक्षरता
प्राविधिक साक्षरता
मिडिया साक्षरता
सञ्चार साक्षरता
सुरक्षा साक्षरता

यसरी डिजिटल साक्षरता विभिन्न पक्षहरूको सम्मिश्रण हो। सूचना प्राविधिक, मिडिया, सञ्चार र साइबर सुरक्षा साक्षरताको समुचित विकासले मात्र व्यक्तिलाई पूर्ण रूपमा डिजिटल साक्षर बनाउन सकिन्छ।

आर्थिक विकासमा डिजिटल साक्षरताको योगदान

डिजिटल साक्षरताले देशको आर्थिक विकासमा पनि महत्वपूर्ण योगदान पुर्‍याउँछ। डिजिटल सीप भएका व्यक्तिहरूले नयाँ नयाँ व्यवसाय सुरु गर्न सक्छन् अनलाइन प्लेटफर्ममार्फत आफ्नो उत्पादन बेच्न सक्छन् र विश्व बजारसँग जोडिन सक्छन्। त्यसैगरी डिजिटल साक्षरताले राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक असर गर्छ। डिजिटल व्यवसाय र सेवाबाट निर्यात सम्भव हुन्छ र विदेशी मुद्रा आर्जन बढ्छ। यसले देशको GDP वृद्धि गर्छ र समग्र आर्थिक विकासमा योगदान पुर्‍याउँछ।

उदाहरण

नेपालका युवाहरूले freelancing, upwork वा Fiverr बाट पैसा कमाइरहेका छन्। ~~किसानहरूले~~ esewa वा khalti प्रयोग गरेर सजिलै आर्थिक कारोबार गर्दछन्। यसरी डिजिटल साक्षरताले व्यक्तिगत, व्यवसायिक र राष्ट्रिय स्तरमा आर्थिक विकासमा प्रत्यक्ष र दीर्घकालीन योगदान पुर्‍याउँछ

आर्थिक विकासमा डिजिटल साक्षरताको योगदान निम्न छन्:

रोजगारीका अवसर सिर्जना

उद्यमशीलता र साना व्यवसायमा मद्दत

उत्पादन र सेवा वितरणमा सुधार

अनलाइन भुक्तानी र वित्तीय पहुँच

राष्ट्रिय अर्थतन्त्रमा योगदान

डिजिटल साक्षरताले सामाजिक जीवनमा प्रभाव

डिजिटल साक्षरताले सामाजिक जीवनलाई पनि धेरै प्रभाव पारेको छ। आज मानिसहरू सामाजिक सञ्जालमार्फत एक-अर्कासँग जोडिएका छन्। टाढा रहेका आफन्तहरूसँग पनि सजिलै सम्पर्क गर्न सकिन्छ। यसले:

सम्बन्ध मजबुत बनाउँछ

सुचना आदानप्रदान सजिलो बनाउँछ

सामाजिक चेतना बढाउँछ

मनोरञ्जन

तर यसको दुरुपयोगले गलत सुचना फैलिन सक्ने, गोपनीयता भंग हुन सक्ने जस्ता समस्या पनि देखिन्छन्। त्यसैले डिजिटल साक्षरतासँगै सचेतना पनि आवश्यक हुन्छ।

डिजिटल साक्षरता अभिवृद्धिका उपायहरु

डिजिटल साक्षरता अभिवृद्धि भन्नाले व्यक्तिहरुलाई सूचना तथा सञ्चार प्रविधि (ICT) को सही, सुरक्षित र प्रभावकारी प्रयोग गर्न सक्षम बनाउने प्रक्रिया हो। आजको आधुनिक युग मा डिजिटल साक्षरता केवल कम्प्युटर चलाउने सीप मात्र नभई अनलाइन जानकारी बुझ्ने, मूल्याङ्कन गर्ने, सुरक्षित रुपमा प्रयोग गर्ने तथा सिर्जनात्मक रूपमा प्रयोग गर्ने क्षमता पनि हो। त्यसैले समाजको समग्र विकासका लागि डिजिटल साक्षरता अभिवृद्धि अत्यन्त आवश्यक छ। अभिवृद्धिका उपायहरु:

- शैक्षिक पाठ्यक्रममा डिजिटल शिक्षा समावेश गर्ने,
- शिक्षक तथा प्रशिक्षकहरुको क्षमता विकास गर्ने,
- ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच विस्तार गर्ने,
- साइबर सुरक्षा सम्बन्धी ज्ञान विस्तार गर्ने,
- ग्रामीण क्षेत्रमा प्रविधिको पहुँच विस्तार गर्ने।

यी उपायहरुको प्रभावकारी कार्यान्वयनबाट डिजिटल साक्षरता विस्तार भई व्यक्तिको व्यक्तिगत, सामाजिक तथा आर्थिक विकासमा महत्त्वपूर्ण योगदान रहन्छ।

डिजिटल साक्षरता र साइबर सुरक्षा

डिजिटल साक्षरतासँगै साइबर सुरक्षाको ज्ञान पनि अत्यन्त आवश्यक छ। आजको समयमा अनलाइन ठगी, ह्याकिङ, फेक न्युज डेटा चोरी जस्ता समस्याहरु बढ्दै गएका छन्। यी कुराहरुबाट बच्नकोलागी प्रयोगकर्ता आफै सचेत हुन पर्छ। त्यसैले प्रयोगकर्ताले:

बलियो पासवर्ड प्रयोग गर्नुपर्छ
अपरिचित लिंक खोल्नु हुँदैन
व्यक्तिगत जानकारी सुरक्षित राख्नुपर्छ
विश्वासनीय स्रोतबाट मात्र सूचना लिनुपर्छ

यसले सुरक्षित डिजिटल वातावरण निर्माण गर्न मद्दत गर्छ। United Nations UNESCO जस्ता संस्थाहरुले डिजिटल साक्षरता प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेका छन् जसले विशेष गरी विकासोन्मुख देशहरुमा डिजिटल शिक्षा विस्तार गर्न सहयोग गरिरहेका छन्। विभिन्न अनलाइन निशुल्क सिप सिकाउँदै गरेको छ।

सुचना प्रविधिको युगमा "डिजिटल साक्षरताका" चुनौतीहरू

सुचना प्रविधिको युगमा "डिजिटल साक्षरता" अत्यन्तै आवश्यक विषय बनेको छ। आजको समयमा शिक्षा, व्यापार, स्वास्थ्य सञ्चार लगायतका सबै क्षेत्रमा प्रविधिको प्रयोग भइरहेको छ। यद्यपि यसको महत्व जति बढ्दो छ, त्यति नै यससँग सम्बन्धित विभिन्न चुनौतिहरू पनि देखापरेका छन्। डिजिटल साक्षरता भन्नाले कम्प्युटर, इन्टरनेट, मोबाइल तथा अन्य डिजिटल उपकरणहरूलाई सुरक्षित, प्रभावकारी र जिम्मेवार रूपमा प्रयोग गर्न सक्ने ज्ञान र सीपलाई जनाउँछ। तर सबै मानिसमा यो सीप समान रूपमा विकास हुन सकेको छैन जसका कारण धेरै समस्या र चुनौतीहरू उत्पन्न भइरहेका छन्।

सबैभन्दा ठुलो चुनौती भनेको पहुँचको असमानता हो। गाउँ शहर, धनी-गरिब, शिक्षित-अशिक्षितबीच प्रविधिको पहुँचमा ठुलो अन्तर देखिन्छ। शहरमा इन्टरनेट, कम्प्युटर र डिजिटल सेवा सजिलै उपलब्ध भए पनि ग्रामीण क्षेत्रमा अझै पनि पर्याप्त सुविधा पुगेको छैन। यसले गर्दा धेरै मानिस डिजिटल साक्षरताबाट वञ्चित भइरहेका छन्। सुचना प्रविधिको युगमा "डिजिटल साक्षरताका चुनौतीहरू लाई निम्नअनुसार प्रस्ट पार्न सकिन्छ:

पहुँचको असमानता
शिक्षा र तालिमको अभाव
साइबर सुरक्षाको जोखिम
गलत सुचनाको समस्या
भाषा र सामग्रीको अभाव
प्रविधिप्रतिको डर र नकारात्मक सोच
आर्थिक समस्या
पूर्वाधारको कमजोरी

यसरी हेर्दा सुचना प्रविधिको युगमा डिजिटल साक्षरताका चुनौतिहरू बहुआयामिक छन्। प्रविधिप्रतिको डर र नकारात्मक सोच पनि एउटा समस्या हो। विशेष गरी वृद्ध वा कमशिक्षित व्यक्तिहरूले नयाँ प्रविधि प्रयोग गर्न हिचकिचाउँछन्। उनीहरूमा 'म सक्दिनँ' भन्ने सोच हुँदा डिजिटल साक्षरता विकास हुन सक्दैन।

सुचना प्रविधिको युगमा डिजिटल साक्षरताका चुनौतीहरुका समाधानका उपायहरु:

सुचना प्रविधिको युगमा डिजिटल साक्षरता समाधानकालागि सर्वप्रथम समतामुलक पूर्वाधार विकास अपरिहार्य मानिन्छ देशका सबै भु-भागमा इन्टरनेट पहुँच, स्थिर विद्युत् आपूर्ति तथा आवश्यक डिजिटल उपकरणहरुको सुनिश्चितता विना डिजिटल साक्षरता विस्तार सम्भव हुँदैन। त्यसैले राज्यले दुर्गम तथा पिछडिएका क्षेत्रलाई प्राथमिकतामा राख्दै पुर्वाधार विस्तार गर्नुपर्छ, जसले डिजिटल पहुँचमा देखिएको असमानता घटाउँछ। उदाहरणका रूपमा कुनै ग्रामीण विद्यालयमा उच्चगति इन्टरनेट जडान गरिएपछि त्यहाँका विद्यार्थीहरुले अनलाइन कक्षा, सुचना प्राप्त शैक्षिक सामग्री सहज रूपमा प्रयोग गर्न सक्छन् जसले उनीहरुको सिकाइ क्षमतालाई सुदृढ बनाउछ।

बुँदा

- समतामुलक पूर्वाधार विस्तार तथा डिजीटल पहुँच
- जीवनपर्यन्त डिजिटल शिक्षा तथा क्षमता अभिवृद्धि कार्यक्रम
- आर्थिक सहुलियत तथा डिजिटल समावेशीकरण नीति
- मातृभाषा-आधारित डिजिटल सामग्री विकास
- साइबर सुरक्षा सुदृढीकरण तथा जनचेतना अभिवृद्धि
- आर्थिक सहुलियत तथा प्रोत्साहन कार्यक्रम

सुचना प्रविधि साक्षरता केवल प्रविधिको प्रयोग गर्ने क्षमता मात्र नभई सशक्त निर्माण को आधार हो। यसको प्रभावकारी कार्यान्वयनले सुशासन, पारदर्शिता तथा उत्तरदायित्व प्रवर्द्धन गर्न मद्दत पुर्‍याउँछ। अत: राज्य निजी क्षेत्र र नागरिक समाजबीच सहकार्य गर्दै संवैधानिक मूल्य मान्यता अनुरूप डिजिटल साक्षरता विस्तार गर्नु आजको अपरिहार्य आवश्यकता हो। साइबर सुरक्षा सुदृढीकरण तथा जनचेतना अभिवृद्धि पनि अपरिहार्य समाधान हो। डिजिटल साक्षरता केवल प्रविधि प्रयोग गर्ने सीप मात्र नभई सुरक्षित र जिम्मेवार प्रयोगसँग पनि सम्बन्धित हुन्छ। त्यसैले नागरिकहरुलाई अनलाइन

जोखिम डाटा सुरक्षा र व्यक्तिगत गोपनीयताको संरक्षणबारे सचेत गराउनुपर्छ। डिजिटल साक्षरताले जीवनलाई सजिलोमात्र बनाएको छैन यसले समाज र राष्ट्रको विकासमा पनि ठूलो योगदान पुर्याएको छ। यसको सकारात्मक प्रभाव धेरै भए पनि नकारात्मक पक्षहरूलाई ध्यानमा राख्दै सही प्रयोग गर्न आवश्यक छ।
समाधानका उपायहरु अपनाएर सबैलाई डिजिटल साक्षर बनाउँदै लैजान सकेमा नेपाल पनि डिजिटल रूपमा सक्षम र समृद्ध राष्ट्र बन्न सक्छ।

नेपालमा पछिल्ला वर्षहरूमा सुचना प्राविधिको प्रयोग तीव्र रूपमा बढेको छ। सामाजिक सञ्जाल, अनलाइन समाचार डिजिटल बैंकिङ जस्ता सेवाहरूले जनजीवन सहज बनाएका छन् तर यससँगै विभिन्न सामाजिक तथा आपराधिक घटनाहरु पनि डिजिटल माध्यमबाट बाहिर आउन थालेका छन्। उदाहरणका रूपमा बलात्कार जस्ता गम्भीर उपराधका घटनाहरु सामाजिक सञ्जालमार्फत सार्वजनिक भई न्यायको माग गर्ने अभियानहरु सञ्चालन भएका छन्। यसले एकातिर पीडितलाई आवाज उठाउन मद्दत गरेको छ भने अर्कोतर्फ गलत सूचना फैलिने, पीडितको गोपनीयता भंग हुने जस्ता समस्या पनि देखिएको छन्। यस सन्दर्भमा डिजिटल साक्षरता अत्यन्त आवश्यक हुन्छ, ताकि नागरिकहरूले सत्य र असत्य छुट्याउन सकून् र संवेदनशील बिषयमा जिम्मेवार व्यवहार गर्न सकून। नीति कार्यान्वयनमा कमजोरी जनचेतनाको अभाव तथा प्रविधिको दुरूपयोगका कारण अपेक्षित उपलब्धि हासिल गर्न अझै कठिनाइ देखिन्छ त्यसैले नीति मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन र जनस्तरमा सचेतना आवश्यक हुन्छ।
डिजिटल साक्षरता नभएका मानिसहरु सजिलै ठगीमा पर्न सक्छन् गलत सुचना फैलिन सक्छ। व्यक्तिगत जानकारी चोरी हुन सक्छ। साथै अत्याधिक प्रविधिमा निर्भर हुँदा सामाजिक सम्बन्धहरु कमजोर हुन सक्छन्।

निष्कर्ष: डिजिटल साक्षरता आजको आवश्यकता मात्र नभई भविष्यको आधार पनि हो। प्रत्येक व्यक्तिले आधारभूत डिजिटल सीप सिक्दै, इन्टरनेट सुरक्षित रूपमा प्रयोग गर्दै, गलत सूचना पतियान गर्दै र डिजिटल नैतिकता पालन गर्दै अघि बढ्न सकेमा मात्र ऊ सक्षम र आत्मनिर्भर नागरिक बन्न सक्छ। यसरी डिजिटल साक्षरता विकास भएका व्यक्तिगत जीवन मात्र होइन सम्पूर्ण राष्ट्रको सामाजिक र आर्थिक विकासमा समेत सकारात्मक योगदान पुग्छ।

"स्क्रिनले संसार देखाउँछ, तर सत्य देखाउने आँखा आफ्नो हुनुपर्छ।"

समाप्त